का.जि.प्र.का.द.नं. १००/०५९/६०

२८ चैत २०७९,
मंगलबार
11 April 2023,
Tuesday

मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

ईपेपर हेर्नु

वर्ष २१, अंक ७६ । पृष्ठ १२ | Madhyanha National Daily | www.madhyanhadaily.com

# भित्रभित्रै फैलँदै कोरोना संक्रमण

शून्यमा झरेको कोरोना भाइरसको संक्रमण पछिल्लो समय दैनिक बढिरहेको छ । नेपालमा कोरोना भाइरसको नयाँ भेरियन्ट ओमिक्रोन एक्सविवि. १.१६ पनि देखा परेको छ ।

कोरोना भाइरसको संक्रमण समुदायस्तरमा तीव्र गतिमा फैलिरहेको छ । ओमिक्रोनको सब-भेरियन्ट एक्सविवी.१.१६ सबैभन्दा बढी फैलिने भएकाले अबको तीन/चार हप्तामा संक्रमणले उच्चबिन्दु छुने आकलन गर्न सकिन्छ ।

**■ डा. प्रभात अधिकारी**
संक्रामक रोग विशेषज्ञ



काठमाडौंको हनुमानढोकास्थित दरबार क्षेत्रमा सोमबार अवलोकन गर्दै विदेशी पर्यटक । तस्बिर : हरिराम भेटुवाल/ रासस

अस्पतालमा आएका बिरामीलाई सोध्दा घरमा भएका अन्य व्यक्ति पनि उस्तै लक्षण लिएर बसिरहेको पाइएको छ । त्यसकारण रुघाखोकी हुनेहरू कोरोना संक्रमित नै हुन् भन्ने अनुमान गर्न सकिन्छ । यसले पुन: संक्रमणको लहरतिर संकेत गर्दछ ।

**■ डा. अनुप सुवेदी**
संक्रामक रोग विशेषज्ञ

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, २७ चैत ।

सोमबार एकैदिन १२४ जनामा कोभिड संक्रमण पुष्टि भएको छ । सक्रिय संक्रमितको संख्या ४४४ पुगेको छ । पछिल्लो २४ घण्टामा १२४ जनामा कोभिड संक्रमण पुष्टि हुँदा ९०३ पीसीआर र १ हजार ६६३ एन्टिजेन गरेका थिए । कुल २ हजार ५६६ जनाको परीक्षणमा १२४ जना संक्रमित देखिएका हुन् । पीसीआरमा ७७ र एन्टिजेन परीक्षणमा ४७ जनामा संक्रमण देखिएको हो ।

चिकित्सकहरुका अनुसार कोरोना भाइरस कोभिड १९ को संक्रमण विस्तारै बढ्न थालेको छ । परीक्षण गर्नेहरुमा निरन्तर संक्रमण दर बढेर गएको छ भने >>> पृष्ठ २ मा

## खोप लगाउन अपिल

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले कोभिडबाट बच्न सुरक्षित रहन स्वास्थ्यका मापदण्ड अपनाउन आग्रह गरेको छ ।

कोरोना भाइरसको संक्रमण बढिरहेको भन्दै मन्त्रालयले कोभिडबाट सुरक्षित रहन भनेको छ । आम नागरिकलाई स्वास्थ्यका मापदण्ड अपनाउन पनि आग्रह गरेको छ ।

साथसाथै, मन्त्रालयले कोरोना भाइरसविरुद्धको खोप लगाउन सबैमा अपिल गरेको छ । मन्त्रालयले दैनिक रुपमा संक्रमण बढिरहेकाले खोप लगाउन आग्रह गरेको हो । >>> पृष्ठ २ मा

**सांसदको लेनदेन अडियो प्रकरण**

## सांसदहरुले उठाए प्रश्न संसदीय छानबिनको माग



**शिवराज परियार/मध्यान्ह**
काठमाडौं, २७ चैत ।

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सांसद डा.ढाकाकुमार श्रेष्ठको लेनदेन सम्बन्धी अडियो प्रकरणका विषयमा संघीय संसदको दुवै सदनको बैठकमा प्रश्न उठेको छ । दुवै सभाका अधिकांश सांसदहरुले टेलिफोन संवादका विषयमा प्रश्न उठाएका हुन् । मेडिकल व्यवसायी दुर्गा प्रसाईंसँग आफू स्वास्थ्यमन्त्री बन्ने भन्दै सांसद श्रेष्ठले दुई करोड माग गरेको अडियो सार्वजनिक भएपछि सोमवारको दुवै सदनको बैठकमा सांसदहरुले प्रमुख चासोका रुपमा प्रश्न उठाएका हुन् ।

प्रतिनिधि सभा बैठकमा बोल्दै नेपाली काँग्रेसका सांसद धनराज गुरुङले राष्ट्रिय स्वतन्त्र पार्टीका सांसद डा.ढाकाकुमार श्रेष्ठको टेलिफोन संवाद छानबिन गर्न संसदीय समिति गठनको माग गरे । उनले श्रेष्ठको फोन संवाद भ्रष्टाचारसँग सम्बन्धित रहेको भन्दै संसदले संसदीय समिति बनाएर निष्पक्ष छानबिन हुनुपर्ने दाबी गरे । फोन संवादमा साढे २ करोड रुपैयाँ कोर टिमलाई बुझाउनुपर्छ भनेको भन्दै कोर टिमको समेत छानबिन आवश्यक रहेको >>> पृष्ठ २ मा



नेपालको राजनीतिमा यो घटना पहिलो भने होइन । यस्ता घटना विगतमा पनि भएका छन् । ती सबैको सत्यतथ्य छानबिन हुन सक्यो भने अझै लोकतन्त्रप्रतिको हाम्रो प्रतिबद्धता अझ प्रतिबद्ध हुन्छ भन्ने हामीलाई लाग्दछ ।

**■ सन्तोष परियार**
प्रमुख सचेतक, रास्वपा

## रास्वपाले माग्यो माफी

राष्ट्रिय स्वतन्त्र पार्टी संसदीय दलका प्रमुख सचेतक सन्तोष परियारले पार्टीका प्रतिनिधिसभा सदस्य ढाकाकुमार श्रेष्ठको रकम लेनदेनको अडियो सार्वजनिक भएको प्रकरणमा माफी मागे ।

अडियो सार्वजनिक घटनाले प्रतिनिधि सभा सदस्यको सम्मानमा परेको चोटप्रति क्षमा याचना गरे । उनले संसदको गरिमा बढाउने रास्वपाको अभियानमा अक्षुण रहने भन्दै यो घटनाले विचलित हुने नहुने बताए । उनले राष्ट्रिय पार्टीहरु यस्ता घटनाबाट टाढा रहनुपर्ने बताए ।

अडियो सार्वजनिक भएपछि रास्वपाले श्रेष्ठलाई जिम्मेवारीबाट मुक्त गरी ७२ घण्टाभित्र स्पष्टीकरण दिन निर्देशन दिएको र पार्टीको अनुशासन समितिले छानबिन गरिरहेको प्रमुख सचेतक परियारले बताए । उनले घुस माग्ने अडियो सार्वजनिक घटना पहिलो पटक नभएको भन्दै >>> पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

## सेवा प्रवाहलाई बिचौलियामुक्त बनाउने बोर्डको प्रतिबद्धता

**मध्यान्ह संवाददाता**
काठमाडौं, २७ चैत

वैदेशिक रोजगार बोर्डले क्षतिपूर्ति भुक्तानीमा बिचोलियाका प्रभाव अन्त्य गर्न सचेत रहेको बताएको छ । प्रहरीले वैदेशिक रोजगारीको बीमा रकम ठगीमा बोर्डका दुई कर्मचारी पक्राउ गरेपछि बोर्डले आफ्नो सेवा प्रवाहलाई बिचौलयामुक्त गर्न उच्चतम सतर्कता अपनाउने बताएको छ ।

पक्राउ परेका बिचौलिया र कर्मचारीलाई जिल्ला प्रहरी परिसर टेकुले कारबाहीका लागि थप अनुसन्धान गरिरहेको छ । सोमबार बोर्ड सचिवालयले आयोजना गरेको पत्रकार अन्तरक्रिया कार्यक्रममा बोर्डका कार्यकारी निर्देशका डा. द्वारिका उप्रेतीले विदेशबाट शव आउने विषयलाई गोप्य राख्न नसकिने भन्दै बिचौलिया कसरी जोडिन्छन् भन्ने विषयमा अध्ययन भइरहेको बताए । उनीहरूले मृतकको शव आइसकेपछि मृतकका परिवारलाई काठमाडौंमा बीमाको रकम लिन बोलाउने र कोठामा थुनी आधाभन्दा बढी रकम ठगी गर्ने गरेको देखिएको प्रहरीको भनाइ छ । प्रहरीका अनुसार गिरोहका सदस्यहरूले विदेशमा ज्यान गुमाएका व्यक्तिको शव आउने दिन विमानस्थलसम्म पुगी सान्त्वना दिँदै बीमाको रकम उपलब्ध गराइदिने आश्वासनसमेत दिने गरेको अनुसन्धानमा खुलेको छ ।

बिचौलिया प्रवेशमा म्यानपावर >>> पृष्ठ २ मा

### राईको आत्महत्याबाट मृत्यु भएको रिपोर्ट

**काठमाडौं/मस–** मार्भेलस इम्प्लोइमेन्ट नेपाल प्रा.लि.का म्यानेजिङ डाइरेक्टर रिन्जि राईले आत्महत्या गरेको प्रतिवेदन आएको छ । अस्पतालले सोमबार सार्वजनिक गरेको पोष्टमार्टम रिपोर्ट र प्रहरीको प्रारम्भिक प्रतिवेदनमा राईले आत्महत्या गरेको उल्लेख रहेको मलेसियास्थित नेपाली दूतावासले जनाएको छ ।

दूतावासले प्राप्त गरेको रिपोर्ट नेपाल वैदेशिक रोजगार व्यवसायी संघलाईसमेत जानकारी दिइएको संघका महासचिव मेघनाथ भुर्तेलले मध्यान्हलाई जानकारी दिए । दूतावासले प्रक्रिया पूरा गरी सकेसम्म छिटो शव नेपाल पठाउने तयारी गरेको बताएको छ ।

कम्पनीले पठाएका कामदारको समस्या समाधानका लागि मलेसिया गएका >>> पृष्ठ २ मा

## खराब कर्जामा वृद्धि

**कान्ति न्यौपाने/मध्यान्ह**
काठमाडौं, २७ चैत ।

प्रधानमन्त्री पुष्पकमल दाहालले सोमबार नेपाल चेम्बर अफ कमर्सको ७२ औं वार्षिक साधारणसभालाई सम्बोधन गर्दै भने – 'बिस्तारै बैंकको ब्याजदर घट्ने क्रमतिर जाँदैछ । अहिले आतंकको स्थिति छैन । गएको तीन महिनाको रेकर्ड हेर्ने हो भने हामी बिस्तारै प्रगतितिर अगाडी बढिरहेका छौं । धेरै चिन्ता गर्नुपर्ने स्थिति छैन । चोरी पैठारी रोक्नेदेखि अन्य सबै उपायहरु अवलम्वन गरिएको छ ।' तर, उनले यो सम्बोधन गरिरहँदा २३ अर्ब कर्जा जोखिममा रहेको नेपाल राष्ट्र बैंकको तथ्यांकले देखाएको छ । प्रधानमन्त्री दाहालले आगामी आर्थिक वर्षको नीति, कार्यक्रम र बजेट विगतभन्दा नयाँ र गुणात्मक रुपमा ल्याएर अर्थतन्त्र सुधार गर्ने दाबी गरेपनि तथ्यांकले भने अवस्था जोखिम हुने देखिएको हो ।

राष्ट्र बैंकको तथ्यांक अनुसार हालसम्म खराब कर्जा २३ अर्ब ४८ करोड पुगेको प्रारम्भिक अध्ययन देखाउँछ । खुद्रा कारोबार गर्ने लघुवित्त कम्पनीहरूको खराब कर्जा अनुपात चैत अन्तिमसम्ममा ६ प्रतिशत देखिएको छ भने खराब कर्जाको अनुपात पुसमा ४.६८ प्रतिशत मात्रै थियो । त्यस्तै, खुद्रा कारोबार गर्ने लघुवित्त कम्पनीहरूले करिब तीन खर्ब ९१ अर्ब रूपैयाँ कर्जा लगानी गरेको देखिन्छ भने पुस अन्तिमसम्ममा १८ अर्ब ३३ करोड रूपैयाँ कर्जा खराब देखिएको थियो ।

'लघुवित्त विरोधी गतिविधि बढेसँगै कर्जा नतिर्ने क्रम बढेको छ, माघदेखि चैतसम्म मात्र थप पाँच अर्ब रूपैयाँ बराबर ऋण भाका नाघेर खराब भएको देखिएको छ' राष्ट्र बैंकका कार्यकारी निर्देशक रेवतीप्रसाद नेपालले भने । उनले नियोजित रुपमै लघुवित्तका ऋणीहरुले आन्दोलन गरेर ऋण तिर्न छाडेको बताएका हुन् ।

तथ्यांक हेर्ने हो भने पनि पछिल्लो एक वर्षमा खराब कर्जाको दर बढ्दै गइरहेको छ । २०७८ को माघमा कुल कर्जाको १.३१ >>> पृष्ठ २ मा

VACANCY
ANNOUNCEMENT
A Reputed Manpower company is seeking a highly skilled and experienced employee to join our team.
Chief Marketing Officer: 1 (Female)
Salary: 1,00,000
Accountant : 1 (Female)
Salary: 20,000
Note: Priority will be given To Related Field Experienced.
Send us your CV:
E-mail : info@eaglemanpower.com.np
01-5912955
9851158137
Eagle Manpower Consultant.
Gov Lic No: 1606/079/080
Chakrapath (QVC Opposite) Kathmandu, Nepal.

म्यानपावर बिक्रीमा
चालु अवस्थामा रहेको कुनै पनि उजुर बाजुर नभएको मेनपावर बिक्रीमा रहेकोले म्यानपावर लिनु ईच्छुक व्यक्तिहरुले तु-सम्पर्क गर्नु होला ।
सम्पर्क : ९८१०७३८१६४



### भित्रभित्र...

परीक्षण नै नगर्ने प्रवृति पनि रहेको चिकित्सकहरु बताउँछन् । नयाँ भेरिएन्ट देखिएसँगै संक्रमितको संख्या केही हप्तायता बढ्दो क्रममा रहेको हो । हाल सक्रिय संक्रमितको संख्या ४४४ छ । १ हजार हाराहारीमा कोभिड परीक्षण हुँदै आएको आएको छ ।

कोभिड बढेसँगै अस्पतालमा पनि बिरामी भर्ना हुन थालेका छन् । विज्ञहरू कोरोना संक्रमणको अर्को लहरको पूर्व संकेत देखा परेको बताउँछन् । संक्रामक रोग विशेषज्ञ डा. प्रभात अधिकारीका अनुसार कोरोना संक्रमण नयाँ लहरको सुरुवाती चरणमा प्रवेश गरेको छ । उनी भन्छन्, 'कोरोनाभाइरसको संक्रमण समुदायस्तरमा तीव्र गतिमा फैलिरहेको छ । ओमिक्रोनको सब-भेरियन्ट एक्सबीबी.१.१६ सबैभन्दा बढी फैलिने भएकाले अबको तीन-चार हप्तामा संक्रमणले उच्चबिन्दु छुने आकलन गर्न सकिन्छ ।

स्वास्थ्य मन्त्रालयका अनुसार नेपालमा ओमिक्रोनको सब-भेरियन्ट एक्सबीबी.१.१६ सबैभन्दा बढी सक्रिय छ । चैत महिनामा संकलन गरिएका २४ वटा नमूनाको जिन सिक्वेन्सिङ गर्दा सबै नमूनामा ओमिक्रोन भेरियन्ट एक्सबीबी.१.१६ नै पुष्टि भएको छ ।

एक्सबीबी.१.१६ हालसम्मकै संक्रामक मानिन्छ । जुन तीव्र गतिमा एक व्यक्तिबाट अर्कोमा सर्ने क्षमताको हुन्छ । कोरोनाभाइरसको हरेक नयाँ भेरियन्ट बढी संक्रामक हुने र भाइरस फैलिएको बेला त्यसले अरू सबै श्वास-प्रश्वासबाट फैलने जीवाणुलाई विस्थापित गर्दै जाने अर्का संक्रामक रोग विशेषज्ञ डा. अनुप सुवेदी बताउँछन् ।

'अस्पतालमा आएका बिरामीलाई सोध्दा घरमा भएका अन्य व्यक्ति पनि उस्तै लक्षण लिएर बसिरहेको पाइएको छ । त्यसकारण पनि रुघाखोकी हुनेहरू कोरोना संक्रमित नै हुन् भन्ने अनुमान गर्न सकिन्छ', डा. सुवेदीले भने । उनी अगाडि थप्छन्, 'अहिले देखिएका पूर्व संकेतहरूले पुनः संक्रमणको लहरतिर उन्मुख भएको आँकलन गर्न सकिन्छ ।'

### खोप...

मन्त्रालयका सहप्रवक्ता डा.समिरकुमार अधिकारीले संक्रमण बढिरहेकाले पहिलो मात्रा, दोस्रो मात्रा र बुस्टर डोज लगाउन आग्रह गरेका हुन् । काठमाडौंसहित उपत्यकाका ठूला अस्पतालमा कोरोना भाइरस विरुद्धको बुस्टर डोज लगाइँदै छ ।

स्वास्थ्य कार्यालय काठमाडौंका सूचना अधिकारी अञ्जना खड्काका अनुसार वीर अस्पताल, त्रिवि शिक्षण अस्पताल, शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पताल, निजामति कर्मचारी अस्पताल, सशस्त्र प्रहरी बल अस्पताल, नेपाल प्रहरी अस्पतालबाट बुस्टर डोज खोप प्रदान गर्दै आइरहेको छ ।

काठमाडौँका स्थानीय तहले पनि आवश्कता अनुसार विभिन्न ठाउँमा खोप प्रदान गरिरहेका छन् । शून्यमा झरेको कोरोना भाइरसको संक्रमण पछिल्लो दैनिक बढिरहेको छ । नेपालमा कोरोना भाइरसको नयाँ भेरियन्ट ओमिक्रोन एक्सविवि. १.१६ देखा पनि परेको छ ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले संक्रमणको लक्षण देखिने वित्तिकै परीक्षण गराउन र आइसोलेशनमा बस्न अनुरोध समेत गरेको छ ।

### सांसदको...

बताए । सांसद गुरुङले संसद सदस्यले गरेको कमिसन, भ्रष्टाचारसँग सम्बन्धित वार्तालापका सन्दर्भमा संसद चुप लागेर बस्न नहुने भन्दै संसदीय समिति बनाएर निष्पक्ष छानबिन गर्न माग गरे ।

नेपाल मजदुर किसान पार्टीका सांसद प्रेम सुवालले गठबन्धन सरकारकै सांसदले स्वास्थ्य मन्त्री हुन मेडिकल व्यवसायीसँग २ करोड घुस मागेको अडियोको विषयमा संसदमा जानकारी दिन सरकारसँग माग समेत गरे ।

राष्ट्रिय सभामा नेकपा (एमाले) की सांसद दिलकुमारी थापा रावल (पार्वती) ले दुई करोड घुस माग्ने सांसद ढाकाकुमार श्रेष्ठबारे सत्यतथ्य छानबिन गरी कारबाही गर्न सरकारसँग माग गरिन् । उनले घुस लिने र दिने दुवै राष्ट्रको शत्रु भएकाले सांसद श्रेष्ठले घुस माग गरे/नगरेको सत्यतथ्य छानबिन गरी कारबाही गर्नुपर्ने बताइन् ।

नेकपा एमालेका सांसद ऋषिकेश पाखरेलले 'स्वास्थ्यमन्त्रीको भाउ दुई करोड पुगेछ भन्दै व्यङ्ग्य गरे । उनले स्वास्थ्यमन्त्रीको भाउ दुई करोड पुग्दा अरु मालदार मन्त्रीहरुको कति होला ? भन्दै प्रश्न गरे । उनले भ्रष्टाचारकै कारण नेताहरु सामाजिक रुपमै बहिष्करणमा पर्नसक्ने चेतावनी दिए । राष्ट्रियसभाका सांसद उदयबहादुर बोहोराले ८७५ जना नेपालीलाई भुटानी बनाउने राजनीतिक संलग्नता ५० लाख असुल गरिएको विषयहरु बाहिर आउन नपाउँदै सांसदले २ करोड घुस मागेको अडियो बाहिर आएको बताए । उनले स्वास्थ्यमन्त्री बन्ने सांसद श्रेष्ठले व्यवसायीलाई मन्त्री बनेर अस्पताललाई दिने लेटर अफ इन्टेन शिक्षा मन्त्रालयले दिन्छ भन्ने ज्ञान समेत नभएको देखिएको बताए । उनले अडियो झुटो हो भने पनि झुटो नभएको भन्दै झुटो भए छानबिन गरी दुर्गा प्रसाईंलाई कारबाही गर्नुपर्ने बताए ।

### रास्वपाले...

विगतमा पनि यस्ता घटना भएको र सबैको सत्यतथ्य छानबिन हुन आवश्यक रहेको बताए ।

'नेपालको राजनीतिमा यो घटना पहिलो भने होइन । यस्ता घटना विगतमा पनि भएका छन् । ती सबैको सत्यतथ्य छानविन हुन सक्यो भने अझै लोकतन्त्रप्रतिको हाम्रो प्रतिवद्धता अझ प्रतिवद्ध हुन्छ भन्ने हामीलाई लाग्दछ' प्रमुख सचेतक परियारले भने ।

### सेवा...

कम्पनीसँग जोडिएका अनधिकृत एजेण्टहरुको भूमिका शंकास्पद पाइएको तथा बीमा कम्पनीहरूले सहजरूपमा बीमा रकम भुक्तानी नगर्ने र बीमा रकम भुक्तानी गर्दा भुक्तानी हुनेमध्ये ५ देखि ७ लाख रूपैयाँ आश्रित परिवारका सदस्यको बीमा गर्नुपर्ने दबाब दिने गरेकाले त्यस प्रकारको दबाबले बोल्न नसक्ने आश्रित परिवारलाई बिचौलिया प्रयोग गर्न बाध्यता रहेको बोर्ड अधिकारी तथा सञ्चारकर्मीहरूले बताए ।

जीवन बीमा कम्पनीहरुले वैदेशिक रोजगारमा जाने कामदारहरूको म्यादी बीमाबाट आठ महिनाको अवधिमा सवा २ अर्ब रुपैयाँ बढी असुल गरेका छन् । हाल सन नेपाल लाइफ इन्स्योरेन्स, सूर्यज्योति लाइफ, आइएमई जनरल लाइफ, सानिमा लाइफ, सिटिजन लाइफ र रिलायवल नेपाल लाइफ इन्स्योरेन्सले पनि वैदेशिक रोजगारमा जाने कामदारको म्यादी बीमा गर्दै आएका छन् ।

यसैबीच बोर्डले वैदेशिक रोजगारीमा रहेका नेपालीको स्वास्थ्य समस्या सम्बोधनका लागि शुरु भएको टेलिमेडिसिन सेवा प्रभावकारी बनेको बताएको छ । बोर्डले वैदेशिक रोजगारीमा रहेका कामदारहरूको स्वास्थ समस्या विशेषज्ञ चिकित्सकबाट टेलिफोनमार्फत नै दिन गत चैत १५ गतेदेखि टेलिमेडिसिन सेवा शुरुवात गरेको थियो ।

बोर्डका अनुसार नेपाली कामदारहरुले १४ वटा देशबाट फोन गरेर स्वास्थ्य समस्या टिपाउने गरेका छन् । कार्यकारी निर्देशक डा. उप्रेतीले साउदी अरबबाट धेरै फोन आएको बताए । विदेशमा गैरकानूनीरूपमा बसीरहेकाहरूले फोन गरेर आफ्नो समस्या राख्ने गरेका छन् ।

बोर्डले विदेशमा रहेका कामदारहरूले बिदाको दिनबाहेक ह्वाट्स एप, भाइबर र इमो जोडिएका ९८५१३४५७०२ र ९८५१३४५७०१ नम्बरमा फोन गरेर स्वास्थ्य समस्या राख्न पाउने व्यवस्था मिलाएको छ ।

त्यसैगरी बोर्डकी निर्देशक रमा भट्टराईले बोर्डले सञ्चालन गरेको पुन:एकीकरण (रिइन्ट्रीगेशन) कार्यक्रमअन्तर्गत छनोट भएका स्थानीय तहहरूले बोर्डको अनुदानमा तालिमका कार्यक्रम शुरू गरेको जानकारी दिइन् ।

### राईको...

राईको मृत्यु शंकास्पद देखिएपछि म्यानपावर कम्पनीले केही व्यक्तिको नाम उल्लेख गरेर छानबिनका लागि संघमा निवेदन दर्ता गराएको थियो । मृतक राई झुण्डिएको तर खुट्टा टेकेको तस्विर हेरेका वैदेशिक रोजगार व्यवसायीहरूले व्यवसायी राईको योजनावद्धरूपमा हत्या गरिएको हुन सक्ने बताएका छन् ।

विदेशमा कतिपय हत्या अभियोगमा लामो अनुसन्धान गर्नुपर्ने भएपछि विदेशी कामदारको हत्यालाई पनि आत्महत्या भनेर रिपोर्ट दिने गर्दा मृत्युको वास्तविक कारण सधैंभरि रहस्यमय रहने जानकारहरू बताउँछन् ।

### खराब...

प्रतिशत खराब कजा रहेको थियो भने ०७९ माघमा आइपुग्दा बढेर २.६३ प्रतिशत पुग्यो । त्यस्तै, २०७९ माघमा वाणिज्य बैंकहरुको २.४९ प्रतिशत, विकास बैंकहरुको २.८२ प्रतिशत र फाइनान्स कम्पनीहरुको ७.८२ प्रतिशत खराब कर्जा रहेको छ भने ०७८ माघमा वाणिज्य बैंकहरुको १.१८ प्रतिशत, विकास बैंकहरुको १.४२ प्रतिशत र फाइनान्स कम्पनीहरुको ७.०५ प्रतिशत खराब कर्जा रहेको राष्ट्रबैंकको तथ्यांकले पुष्टि गर्छ ।

'अहिले हरेक बैंकका लागि कर्जा असूली सबैभन्दा ठूलो चुनौती बनेको छ, व्यवसायी आन्दोलित हुँदा खराब कर्जाको प्रतिशत झनै बढ्न थालेको छ, यसमा सरकारले पनि हस्तक्षेप गर्नु जरुरी देखिन्छ, बैंकर मनोज न्यौपानेले भने । उनले राष्ट्र बैंकले प्रोभिजन बढाउने र व्यवसायीहरु बैंक ऋणका ब्याज नतिर्ने भन्दै आन्दोलित हुँदा समस्या भएको दाबी गरेका हुन् । चालू आर्थिक वर्षको २१ फागुनसम्म १५ हजार आठ सय ९० ऋणी कालोसूचीमा परेको कर्जा सूचना केन्द्रको तथ्यांकले देखाउँछ । एकातिर ऋणीहरु कर्जा तिर्न नसक्ने भन्दै आन्दोलित भएका छन् भने अर्कातिर अर्बौको रकम अझैपनि जोखिममा देखिन्छ । तसर्थ, सरकारले नै एउटा मापदण्ड बनाएर खराब कर्जा उठाउन मद्धत गर्नुपर्ने कतिपय बैंकरले बताउँदै आएका छन् । यता, सरकार भने हरेक पटक जस्तै अर्थतन्त्र सुधारको आश्वासन दिनमै ब्यस्त देखिएको छ ।

# योग शिविरमा तीन सय ५० जनाको स्वास्थ्य परीक्षण

**पवन जायसवाल/मध्यान्ह**
नेपालगन्ज, २७ चैत

बाँकेको नेपालगन्जमा निःशुल्क विशेषज्ञ आयुर्वेद तथा उपचारात्मक योग शिविर सम्पन्न भएको छ । नेपालगन्ज उप-महानगरपालिका आयुर्वेद शाखाको आयोजना र नेपालगन्ज आयुर्वेद जनरल हस्पिटलको प्राविधिक सहयोगमा भएको निःशुल्क विशेषज्ञ आयुर्वेद तथा उपचारात्मक योग शिविरमा ३ सय ५० भन्दा धेरैले स्वास्थ्य परीक्षण गराएका छन् ।

नेपालगन्ज उप-महानगरपालिकाका मेयर प्रशान्त विष्टले शिविरको ब्यानर पढेर उद्घाटन गरेका थिए । उद्घाटन समारोहमा बोल्दै मेयर विष्टले निःशुल्क विशेषज्ञ आयुर्वेद शिविरलाई उप-महानगरको २३ वटै वडामा संचालन गरिने बताए । 'नागरिकलाई स्वास्थ्य राख्न हाम्रो परम्परागत उपचार पद्धति आयुर्वेदको महत्वपूर्ण भूमिका रहन्छ, यो कार्यक्रम निकै राम्रो छ' उनले भने । वडा नम्बर १० बाट शुरु भएको शिविर क्रमश सबै वडामा सञ्चालन हुने उनले जानकारी दिए । नेपालगन्जमा अवैधानिकरुपमा आयुर्वेदको उपचार गर्ने भन्दै भारतीय नक्कली डाक्टरले बिरामीलाई भ्रमित पार्ने काम गरेकोले त्यसलाई नियन्त्रण गर्ने उनको प्रतिबद्धता थियो ।

संविधान सभा सदस्य एवं नेपालगन्ज आयुर्वेद जनरल हस्पिटलका अध्यक्ष मैकुलाल वाल्मिकीले आम नागरिकमा आयुर्वेदको बारेमा सकारात्मक सन्देश प्रवाह गर्न शिविरले महत्वपूर्ण भूमिका खेलेको बताए । नेपालगन्जमा पछिल्लो समय आयुर्वेद उपचार पद्धतिको बारेमा सकारात्मक भावनाको विकास भएको भन्दै भारतीय केही नक्कली डाक्टरका कारण बिरामीको स्वास्थ्यमा गम्भीर समस्या देखिएको बताए ।

'भारतीय सीमा क्षेत्रका झोले डाक्टरका कारण थुप्रै बिरामीमा क्यान्सर जस्तो खतरनाक रोग देखिएको छ, जसको उपचार हाम्रा नेपाली विज्ञ डाक्टरहरुले गर्नु भएको छ, यसरी बिरामीको स्वास्थ्यमा खेलबाड भैइरहेको छ, यसलाई रोक्नु हामी सबैको दायित्व पनि हो' उनले भने ।

निःशुल्क विशेषज्ञ आयुर्वेद तथा उपचारात्मक योग शिविरको उद्घाटन कार्यक्रममा नेपाल आयुर्वेद चिकित्सा परिषदका रजिष्टार तथा पंचकर्म विज्ञ डा. निर्मल भुषाल, बाँकेका प्रमुख जिल्ला अधिकारी विपिन आचार्य, नेपालगन्जउप-महानगरपालिका प्रमुख प्रशासकीय अधिकृत शिवप्रसाद रिजाल, नेपालगन्ज मेडिकल कलेजका निर्देशक डा. सन्तोष शर्मा, नेपालगन्ज आयुर्वेद जनरल हस्पिटलका प्रमुख कार्यकारी अधिकृत प्रभाकर मिश्र, बाँके आयुर्वेद स्वास्थ्य केन्द्र प्रमुख डा. अनिलकुमार चौधरी, नेपालगन्ज उप-महानगरपालिका आयुर्वेद शाखा प्रमुख कविराज निरीक्षण बज्रभुषण झालगायतको उपस्थिति रहेको थियो।

बाँकेका प्रमुख जिल्ला अधिकारी आचार्यले आयुर्वेदले आम मानिसलाई धेरै फाइदा हुने भएकोले यसको प्रवर्द्धनमा सबैले मिलेर सहयोग गर्नुपर्ने आवश्यकता रहेको बताए ।

नेपालआयुर्वेद चिकित्सा परिषदका रजिष्टार तथा पंचकर्म विज्ञ डा. भुषालले नेपालगन्जउप-महानगरपालिकाले आयुर्वेदको विकास र प्रवर्द्धनमा गरेको प्रतिवद्धता निकै सकारात्मक रहेको बताए । यसले बाँकेमा आयुर्वेदको विकासमा टेवा पुग्ने डा. भुषालको भनाइ थियो ।

शिविरमा आएका बिरामीहरुलाई कन्सल्टेन्ट शल्य विज्ञ डा. मदन भण्डारी, कन्सल्टेन्ट पंचकर्म विज्ञ डा. निर्मल भुषाल, डा. शिवराज सुवेदी, डा. प्रतिभा केसी गौतम, डा. गीता रेग्मी, डा. विजय किशोर ठाकुरसहितको टोलीले स्वास्थ्य परीक्षण गरेका थियो ।

निःशुल्क विशेषज्ञ आयुर्वेद तथा उपचारात्मक योग शिविर कार्यक्रमका संयोजक डा. मनोज कुमार यादवले शिविरमा उत्साहजनकरुपमा नागरिकको सहभागिता रहेको बताएका थिए । शिविरमा आएका बिरामीलाई योग पनि सिकाइएको थियो । शिविरमा आएका बिरामीलाई रोगअनुसारको योग सिकाउँदै योगको फाइदा, कस्तो बिरामीले कुन योग गर्न हुन्छ, कुन गर्न हुँदैन भन्ने बारेमा प्राविधिक ज्ञानसमेत प्रदान गरिएको थियो । शिविरमा विशेषगरी पाचन प्रणाली सम्बन्धी समस्याहरु पाइल्स, फिस्टुला, फिसर, बवासीर, दिसा रगत जाने, मलद्वार वरिपरि घाउ खटिरा हुने, चिलाउने, पोल्ने, घाँटी पोल्ने, अपच हुने, गानोगोला, जण्डिस, हेपाटाइटिस, मुत्र प्रणालीसम्बन्धी रोग, महिलासम्बन्धी रोगहरु, योन रोग, नसा तथा छालासम्बन्धी रोग र स्नायू तथा मांसपेशीसम्बन्धी रोगहरुको चेकजाँच गरिएको थियो ।

शिविरमा परीक्षण गर्न आएका बिरामीले एक महिनाको अवधिमा पुनः स्वास्थ्य परीक्षण गर्नुपरेमा नेपालगन्ज आयुर्वेद जनरल हस्पिटलले निःशुल्क स्वास्थ्य परीक्षणसँगै ल्याब, पंचकर्म र औषधिमा पाँच प्रतिशत छुट, पाइल्स, फिसर, फिस्टुला, पाइलोनाइडल साइनस, क्षारसुत्रमा १० प्रतिशत छुट दिएको हस्पिटलको लेखा तथा व्यवस्थापन प्रमुख प्रिन्सी मिश्रले जानकारी गराइन ।

शिविरमा नेपालगन्ज हेल्थ क्याम्पसका विद्यार्थी र नेपालगन्ज आयुर्वेद जनरल हस्पिटलका कर्मचारीले सहयोग गरेका थिए । अस्पतालका प्रिन्सी मिश्र, पदमा थापा, सञ्जिवकुमार थारु, सम्झना चौधरी, लक्ष्मी थापा, सन्दीप अधिकारी, जीवन शर्मा, जनक बडवाल, केशव रोकाय, शिवपाल नाउ तथा नेपालगन्ज हेल्थ क्याम्पसबाट बबिता थापा, रागिनी थारु, सेराज तेली, आदित्य वैश्य, लक्ष्मी सलामी मगर, रोश्नी थापा, एलिना न्यौपाने र विकासले सहयोगीको रुपमा भूमिका निर्वाह गरेका थिए ।

**Galyang Municipality**
**Office of The Municipal Executive**
Galyang, Syangja

**Invitation for Bids (IFB)**
for
**Construction of Ward Office Building for Galyang Municipality, Ward No 5**
**IFB NO:16/2079-80**
**First Date of Publication: 2023/04/11 ( 2079/12/28)**

1. Galyang Municipality invites electronic bids from eligible bidders for Construction of Ward Office Building for Galyang Municipality, Ward No 5 under national competitive bidding – Single stage Two Envelope Bidding procedures.

| S. N. | Contract No. | Description of work | Bid Security Amount NRs | Last Date of Bid Submission | Bid Opening Date and Time | Cost of Bidding Document NRs |
|---|---|---|---|---|---|---|
| 1. | Contract ID: GM/SYA/NCB/ WORKS/16/2079/080 | Construction of Ward Office Building for Galyang Municipality, Ward No 5 | 5,57,000 | 2023/05/10 12.00 Hours | 2023/05/10 14.00 Hours | 5,000.00 |

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Galyang Municipality, Galyang, Syangja, Nepal or may visit PPMO e-GP system www.bolpatra.gov.np/egp

**Chief Administrative Officer**

## मलेसियामा रोजगारको अवसर

कम्पनी: FISKE SDN. BHD.
शहर: SELANGOR

पुर्व स्वीकृत मितिः २०७९/०७/२४ | चलानी नं.: ६०१९१९१९ | LT. No.: 275122

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker | 11 | 0 | स. काममा दक्ष | 1500 | ४४,५३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० बैशाख ५ गते (18 April 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

Gov. Lic. No. 1048/073/74
**C.D. Human Resources Pvt. Ltd.**
Kalimati Dol (Near Airport), Kathmandu, Tel.: 01-4486262 | Fax: 4486263,
Mob.: 9851010834, 9741826447 | Email: cdhr004@gmail.com, URL : www.cdhr.com.np
Mobile :9851010834,9880715268

## Kuwait मा वैदेशिक रोजगारको अवसर

१. कम्पनी: AHMAD & BODOUR GENERAL TRADING CO. | शहर: KUWAIT
पूर्व स्वीकृत मितिः २०७९/१२/२७ | चलानी नं.: ६०१९९८२३ | LT. No.: 284380

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Barista (Coffee Maker) | 3 | 0 | सम्बन्धित काममा दक्ष | 120 | ५१,२२९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Cashier | 2 | 0 | | 140 | ५९,७६७ | | | | | | | |
| 3. | Cleaner Indoor (Kitchen & Tools, Building, Pub | 20 | 0 | | 90 | ३८,४२२ | | | | | | | |
| 4. | Cook (Commi, Asst. Chef, Preparer, Bakery, Pastry) | 10 | 0 | | 125 | ५३,३६४ | | | | | | | |
| 5. | Kitchen Helper (Steward Restaurant Worker) | 10 | 0 | | 90 | ३८,४२२ | | | | | | | |
| 6. | Waiter (Service Crew, Food Server) | 25 | 0 | | 110 | ४६,९६० | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० बैशाख ५ गते (18 April 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

Govt Lic. NO. 1070/073/074
**Reva Overseas Pvt. Ltd.**
Sinamangal -9, Kathmandu, Phone : 4591430
Mob.: 9851119680 ,9841812650, 9841308023 , 9860602969
E-mail : info@revaoverseas.com.np, Web.: www.revaoverseas.com.np

## मिक्लाजुङ्ग गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
मधुमल्ला, मोरङ
कोशी प्रदेश, नेपाल

**उद्योग तथा व्यवसायका लागि उपभोक्ता हित संरक्षणमा जारी सूचना**

१. बिक्रेताले बिक्री वितरण हुने समानको मुल्यसूची स्पष्टरुपमा देखिने गरी बिक्री कक्षमा राख्नुपर्नेछ ।
२. नापतौल यन्त्र खरिद गरेको ३५ दिन भित्र अनिवार्य रुपमा नापतौल कार्यालयबाट अनुमतिपत्र लिई मात्र प्रयोग गर्ने ।
३. आफुले प्रयोग गरेको नापतौल तथा नाप्ने, तौलने यन्त्रहरु (ढग, काँटा, लिटर, मिटर) तोकिएको समयमा जाँच तथा नवीकरण गराउने ।
४. नापतौल तथा नाप्ने तौलने यन्त्रहरु बिक्री गर्नु परेमा अनिवार्य रुपमा सम्बन्धीत नापतौल कार्यालयबाट इजाजत पत्र लिएर मात्र बिक्री वितरण गर्ने ।
५. खरिद गरेको सामानको नाप वा तौल शंका लागेमा पुनः तौल गर्न लगाउने ।
६. नापतौल सम्बन्धी कुनै शंका वा गुनासो भए गुणस्तर तथा नापतौल कार्यालयमा जानकारी/उजुरी दिने ।
७. होटल व्यवसायमा खानेकुराको सम्पर्कमा आउने सम्पूर्ण उपकरण, भाँडा, वर्तन तथा सतहलाई खानामा प्रयोग गर्न सकिने जीवाणुनासक वस्तु (सेनिटाईजर) र तातोपानी प्रयोग गरी सरसफाई गर्नुपर्ने छ ।
८. किट (हानिकारक जीव)हरुको नियन्त्रण गर्ने पर्याप्त व्यवस्था हुनुपर्ने छ ।
९. बिमारी परेका वा झाडापखाला लागेका भनिएका कामदारहरुलाई पछिल्लो पटक त्यस्तो लक्षण देखिएको दिन देखि ४८ घण्टासम्म काममा नलगाउने ।
१०. खाने (पकाउने) तेल एउटा पदार्थ पकाईसकेपछी नियमितरुपमा फेरवदल गर्नुपर्नेछ ।
११. खानेकुरालाई कम्तिमा ७५ डिग्री सेल्सियस तापक्रममा पुग्ने गरि राम्ररी पकाउनु पर्नेछ ।
१२. बासी सडेगलेका, अस्वाभाविक गन्ध, रंग तथा स्वाद भएका खाद्यपदार्थ उपभोग नगरौं ।
१३. मासु, दुग्ध पदार्थ, माछा तथा अण्डा लगायत छिटो सडीगली जाने खानेकुराहरुलाई ५ डिग्री सेल्सियस वा सो भन्दा तलको तापक्रममा रेफ्रिजेनेरेटरमा भण्डारण गर्ने र त्यसमा भण्डारण मिति तथा समय ठिकसँग लेवल लगाउनु पर्नेछ ।
१४. पकाएको खानेकुरालाई छोपेर जतिसक्दो चाडो २ घण्टा भित्र ५ डिग्री सेल्सियसको तापक्रममा राख्नु पर्नेछ ।

***वस्तु तथा सेवामा समान पहुच, गुणस्तरीय वस्तुको छनौट, मुल्य परिणाम, परिणाम शुद्धता र गुणस्तर स्वस्थ्यमा हानि पुऱ्याउने वस्तु तथा सेवाको बिक्री वितरणबाट सुरक्षा अनुचित व्यापारिक तथा व्यवसायजन्य क्रियाकलाप विरुद्ध उजुरी प्रयोग गरिएका वस्तुबाट भएको हानि नोक्सानी विरुद्ध क्षतिपूर्ती अधिकार प्राप्त अधिकारीबाट सुनुवाई र उपभोक्ता शिक्षा पाउने तपाईको अधिकार हो । आफ्नो कर्तव्य र अधिकारप्रति सचेत रहौं ।***

## सुन्दरहरैंचा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
विराटचोक, मोरङ
कोशी प्रदेश, नेपाल

**उद्योग तथा व्यवसायका लागि उपभोक्ता हित संरक्षणमा जारी सूचना**

१. बिक्रेताले बिक्री वितरण हुने समानको मुल्यसूची स्पष्टरुपमा देखिने गरी बिक्री कक्षमा राख्नुपर्नेछ ।
२. नापतौल यन्त्र खरिद गरेको ३५ दिन भित्र अनिवार्य रुपमा नापतौल कार्यालयबाट अनुमतिपत्र लिई मात्र प्रयोग गर्ने ।
३. आफुले प्रयोग गरेको नापतौल तथा नाप्ने, तौलने यन्त्रहरु (ढग, काँटा, लिटर, मिटर) तोकिएको समयमा जाँच तथा नवीकरण गराउने ।
४. नापतौल तथा नाप्ने तौलने यन्त्रहरु बिक्री गर्नु परेमा अनिवार्य रुपमा सम्बन्धीत नापतौल कार्यालयबाट इजाजत पत्र लिएर मात्र बिक्री वितरण गर्ने ।
५. खरिद गरेको सामानको नाप वा तौल शंका लागेमा पुनः तौल गर्न लगाउने ।
६. नापतौल सम्बन्धी कुनै शंका वा गुनासो भए गुणस्तर तथा नापतौल कार्यालयमा जानकारी/उजुरी दिने ।
७. होटल व्यवसायमा खानेकुराको सम्पर्कमा आउने सम्पूर्ण उपकरण, भाँडा, वर्तन तथा सतहलाई खानामा प्रयोग गर्न सकिने जीवाणुनासक वस्तु (सेनिटाईजर) र तातोपानी प्रयोग गरी सरसफाई गर्नुपर्ने छ ।
८. किट (हानिकारक जीव)हरुको नियन्त्रण गर्ने पर्याप्त व्यवस्था हुनुपर्ने छ ।
९. बिमारी परेका वा झाडापखाला लागेका भनिएका कामदारहरुलाई पछिल्लो पटक त्यस्तो लक्षण देखिएको दिन देखि ४८ घण्टासम्म काममा नलगाउने ।
१०. खाने (पकाउने) तेल एउटा पदार्थ पकाईसकेपछी नियमितरुपमा फेरवदल गर्नुपर्नेछ ।
११. खानेकुरालाई कम्तिमा ७५ डिग्री सेल्सियस तापक्रममा पुग्ने गरि राम्ररी पकाउनु पर्नेछ ।
१२. बासी सडेगलेका, अस्वाभाविक गन्ध, रंग तथा स्वाद भएका खाद्यपदार्थ उपभोग नगरौं ।
१३. मासु, दुग्ध पदार्थ, माछा तथा अण्डा लगायत छिटो सडीगली जाने खानेकुराहरुलाई ५ डिग्री सेल्सियस वा सो भन्दा तलको तापक्रममा रेफ्रिजेनेरेटरमा भण्डारण गर्ने र त्यसमा भण्डारण मिति तथा समय ठिकसँग लेवल लगाउनु पर्नेछ ।
१४. पकाएको खानेकुरालाई छोपेर जतिसक्दो चाडो २ घण्टा भित्र ५ डिग्री सेल्सियसको तापक्रममा राख्नु पर्नेछ ।

***वस्तु तथा सेवामा समान पहुच, गुणस्तरीय वस्तुको छनौट, मुल्य परिणाम, परिणाम शुद्धता र गुणस्तर स्वस्थ्यमा हानि पुऱ्याउने वस्तु तथा सेवाको बिक्री वितरणबाट सुरक्षा अनुचित व्यापारिक तथा व्यवसायजन्य क्रियाकलाप विरुद्ध उजुरी प्रयोग गरिएका वस्तुबाट भएको हानि नोक्सानी विरुद्ध क्षतिपूर्ती अधिकार प्राप्त अधिकारीबाट सुनुवाई र उपभोक्ता शिक्षा पाउने तपाईको अधिकार हो । आफ्नो कर्तव्य र अधिकारप्रति सचेत रहौं ।***

**हकदावी सम्बन्धी ३५ दिने लिक्वीडेटरको सूचना**

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७०/१०/१२ मा दर्ता भएको **प्रा.लि. नं. ११८९९४** को **राग्या रिसोरसेज प्रा.लि.**को मिति २०७९/१२/२७ गतेमा सम्पन्न विशेष साधारणसभाको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

**लिक्विडेटरः मनोज कुमार साह, इजाजतपत्र नं. ५६२, फोन नं.: ९८०१०७५३८३**

# संरक्षणको पर्खाइमा डोल्पाको राजारानी क्षेत्र

**पूर्ण सार्की/मध्यान्ह**
डोल्पा, २७ चैत



डोल्पाको त्रिपुरासुन्दरी नगरपालिका वडा नं. १ अन्तर्गत रल्ली गाउँमा पर्ने ऐतिहासिक राजारानी क्षेत्र संरक्षणको पर्खाइमा छ । संरक्षणमा कसैले पनि चासो नदेखाएपछि उक्त क्षेत्र अहिले छायाँमा परेको छ । बाइसे चौबिसे राज्य हुँदा डोल्पाका नौ राज्यमध्ये शक्तिशाली राज्यको रुपमा रहेको राजारानी क्षेत्रमा अहिले पनि राजा लिम्बुल्याप्चेका प्रतिमा स्वरुप बनाइएका देवल देख्न सकिन्छ ।

सो क्षेत्रमा उत्खनन् गर्दा प्राचिन बाजाहरु, बहुमुल्य पुलिक, धातुका सामग्री भेटिन्छन् भने बहादुर शाहको एकीकरणबाट जोगिन बनाइएका जमिन भित्रका घरहरु देख्न सकिन्छ । ऐतिहासिक क्षेत्रको संरक्षण हुन नसकेको भन्दै स्थानीयले चिन्ता व्यक्त गरेका छन् ।

केही वर्ष अघि डोल्पा पुगेको पुरातत्व विभागको टोलीले अनुसन्धान गर्दा पत्थरका बहुमुल्य माला लगायतका पन्ध्र प्रकारका पुरातात्विक बस्तुहरु फेला पारेका थिए । उत्खनन् गर्दा भेटिएका पुरातात्विक बस्तुहरु यस क्षेत्रमै संग्राहलय बनाएर राख्नुपर्ने स्थानीयको माग छ । पुरातत्व विभागले संरक्षित क्षेत्रको रुपमा सूचीकृत गरेपनि अहिलेसम्म कुनै काम नभएको स्थानीयले गुनासो गरे । प्राचिन इतिहासको साक्षीको रुपमा रहेको राजारानी क्षेत्रलाई प्रचार-प्रचार विकास र संरक्षण गर्न स्थानीयले माग गरेका छन् ।

# पराल लोड गरेको ट्रकमा आगलागी

**जगत ठाडा मगर/मध्यान्ह**
नवलपरासी, २७ चैत

पश्चिम नवलपरासीको सरावल गाउँपालिका-५ बड्की दुबौलियामा पराल लोड गरेको ट्रकमा आगलागी भएको छ । सोमबार दिउँसो लु १ ख ४९१५ नम्बरको ट्रकमा अचानक आगलागी भएको हो । आगलागी दमकल, स्थानीय र प्रहरीको सहयोगमा नियन्त्रणमा लिइएको गोबरहिया चौकीका प्रहरी नायव निरीक्षक गोकर्ण चौहानले मध्यान्हलाई जानकारी दिए ।

आगलागीबाट मानवीय क्षति नभएपनि अन्दाजी ५० हजार बराबरको पराल र ट्रकसहित गरी २० लाख रुपैयाँ बराबरको धनमाल पूर्णरुपमा नष्ट भएको जिल्ला प्रहरी कार्यालय पश्चिम नवलपरासीका प्रहरी निरीक्षक एवम् सूचना अधिकारी भोजराज पाण्डेयले मध्यान्हलाई जानकारी दिए ।

आगलागी के कारणले भएको भन्नेबारे स्पष्ट नखुलेको बताउँदै प्रहरी निरीक्षक पाण्डेयले घटनाबारे थप अनुसन्धान भइरहेको जानकारी दिए ।


## VACANCY ANNOUNCEMENT

**A Reputed Manpower Recruitment Company based in Lalitpur is seeking applications from deserved applicants for the following positions:-**

Female Staff: Documentation
(Can Make Saudi Mofa /nepali Typing) Experienced.
Salary: Rs 25000/-

Female Staff: Documentation
(Nepali Typing / Photoshop)
Salary: Rs 20,000/-

Female Staff: Dofea Femis Operator/ Documentation.
Salary: Rs 20000/-

**Send us your CV:**
E-mail : luckyoverseas1998@gmail.com
01-5153033
01-5153059

LUCKY OVERSEAS
श्रम इजाजत नं. १३८/०५५/०५६
**लक्की ओभरसिज प्रा. लि.**
धोबिघाट-३, रिङ्गरोड, ललितपुर, नेपाल.
Web.: luckyoverseas.com

## म्यानपावर चाहियो

चालु अवस्थामा रहेको कुनै पनि उजुर बाजुर नभएको मेनपावर चाहिएकोले बिक्री गर्न चाहने ईच्छुक व्यक्तिहरुले तु-सम्पर्क गर्नु होला ।

सम्पर्क : ९८५१०३१२१०
९८५११३१२०९


## हार्दिक श्रद्धाञ्जली



हाम्रा मित्र, वैदेशिक रोजगार व्यवसायी तथा **मार्भेलस इम्प्लोएमेन्ट नेपाल प्रा.लि.**का सञ्चालक

**रिन्जि राई**

को यहि **२०७९ चैत २४** गतेका दिन असामयिक एवम् अकल्पनीय स्वर्गारोहण भएकोले दिवंगत आत्माको चीरशान्तीको कामना गर्दै हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछौं । साथै, यस दु:खद् घडीमा शोकसन्तप्त परिवारजनमा धैर्यधारण गर्ने शक्ति प्रदान गरून् भनि हार्दिक समवेदना व्यक्त गर्दछौं ।

**दिनेश राई**
**चेयरम्यान/संचालक**

**डायमण्ड स्टार ओभरसिज प्रा.लि.**

## सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको
## चालु अवस्थामा रहेको सवारी साधन बिक्रीको ७ (सात) दिने सूचना

प्रकाशित मिति: २०७९/१२/२८

यस बैंकले प्रयोग गरिरहेको तपसिल बमोजिमका सवारी साधनहरु जहाँ जे जस्तो अवस्थामा छन् सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्रको माध्यमबाट बिक्री गर्नु पर्ने भएकोले ईच्छुक व्यक्ति, फर्म वा कम्पनीहरुबाट निम्नलिखित शर्त, बन्देजको अधिनमा रहि मिति २०८०/०१/०४ भित्र यस बैंकको केन्द्रिय कार्यालय, सामान्य सेवा विभाग, नारायणहिटी पथ, काठमाडौंमा प्राप्त हुने गरी गोप्य शिलबन्दी बोलपत्र पेश गर्नको लागी आव्हान गरिन्छ ।

| क्र.स. | सवारीको नाम | बनेको साल | दर्ता. नं. | सवारी रहेको स्थान |
|---|---|---|---|---|
| १. | KIA Sonet | २०२१ | बा प्र-०१ ०२७ च १०५८ | केन्द्रिय कार्यालय, नारायणहिटी पथ, काठमाडौं |
| २. | Ford Ecosport | २०१८ | बा २१ च ४०३२ | |
| ३. | Hyundai 120 Magna+ | २०१९ | बा २१ च ६८१८ | महेन्द्रचोक शाखा, बिराटनगर |

**शर्तहरु**
१. बोलपत्र फारम यस बैंकको केन्द्रिय कार्यालय सामान्य सेवा विभागबाट नि:शुल्क प्राप्त गर्न सकिन्छ ।
२. बोलपत्र साथ बोलपत्रदाताले जमानत वापत आफुले कबोल गरेको अंकको ५ (पाँच) प्रतिशतले हुन आउने रकम यस बैंकको कुनै पनि शाखा कार्यालयबाट खाता नं. ९९९-०१२९००४०१०१ मा नगद जम्मा गरेको सक्कल भौचर पेश गर्नु पर्नेछ ।
३. बोलपत्रमा बोलपत्रदाताले नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि वा आफ्नो परिचय खुल्ने प्रमाणित कागजात र फर्म वा कम्पनी भएमा दर्ता प्रमाणपत्र (नविकरण गरिएको) तथा स्थायी लेखा नम्बर वा मूल्य अभिवृद्धि करको प्रमाणपत्रको प्रतिलिपि पेश गर्नु पर्नेछ ।
४. अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछ ।
५. यस सम्बन्धी विस्तृत जानकारीको लगि बैंकको केन्द्रिय कार्यालय, सामान्य सेवा विभाग, नारायणहिटि पथ, काठमाडौंमा सम्पर्क राख्न सकिनेछ ।
६. प्रस्तावित बोलपत्र मिति २०८०/०१/०५ गते बैंकको नारायणहिटि पथ केन्द्रिय कार्यालयमा दिनको ठिक ११:०० बजे खोलिनेछ ।
७. कुनै वा सबै बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने वा आंशिक मात्र स्वीकृत गर्ने वा उचित र आवश्यक ठानेको अवस्थामा स्वीकृत बोलपत्रको बोलकबोल अंकमा समेत पुन: नेगोशिएसन समेत गर्न सक्ने अधिकार बैंकमा निहित हुनेछ ।

**मुख्य कार्यालय:**
पो. ब. १९६८१, नारायणहिटी पथ, काठमाडौं, नेपाल,
फोन: ९७७ १ ४४२७८४२/४३/२४ फ्याक्स: ९७७ १ ४४२७०४४
इमेल: info@ctznbank.com, SWIFT: CTZNNPKA
कल सेन्टर: support@ctznbank.com, ०१-५९७००६८

Citizens Bank


## साउदीमा रोजगार

कम्पनी: SALEH MOHAMMED AL-MALOUHI AGRICULTURAL PROJECT
शहर: SAUDI

पूर्व स्वीकृत मिति: २०७९/१२/२७ चलानी नं.: ६०१९९८२५ L.T. No.:284467

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Agriculture Worker | 20 | 0 | स. काममा दक्ष | 1000 | ३४,८४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० बैशाख ५ गते (18 April 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्याद्दे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

Govt. Lic. No. 1286/074/075
**FISHTAIL OVERSEAS PVT. LTD.**
PO Box No: 947, Samakhusi :-29, Gangabu, Kathmandu, Nepal
Tel : 01-4386382, 01-4389757, E-mail : fishtailoverseas508@gmail.com

## मलेसियामा रोजगारको अवसर

१. कम्पनी: SOUTHERN REALTY (MALAYA) SDN BHD
शहर: Malaysia,RAJAWALI
पूर्व स्वीकृत मिति: २०७९/१२/२७ चलानी नं.: ६०१९९८१५ LT. No.: 284472

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Plantation Workers | 20 | 0 | स. काममा दक्ष | 1500 | ४४,५३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

२. कम्पनी: ALPHA FORCE SECURITY SDN BHD
शहर: MALAYSIA
पूर्व स्वीकृत मिति: २०७९/१२/२७ चलानी नं.: ६०१९९८१६ LT. No.: 284262

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 12 | 0 | स. काममा दक्ष | 1500 | ४४,५३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

३. कम्पनी: BASATIN LANDSCAPING L.L.C.
शहर: UAE
पूर्व स्वीकृत मिति: २०७९/१०/१७ चलानी नं.: ६०१९५८६९ LT. No.: 280362 पुनर्विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Garden Worker | 14 | 0 | सम्बन्धित काममा दक्ष | 900 | ३२,०३१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Horticulturist | 15 | 0 | | 1100 | ३९,१४९ | | | | | | | |
| 3. | Skilled Forester | 36 | 0 | | 1100 | ३९,१४९ | | | | | | | |
| 4. | Tile Layer | 35 | 0 | | 1100 | ३९,१४९ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ वैशाख ५ गते (18 April 2023) मा हुनेछ ।**

४. कम्पनी: UNCLE DONS RESTAURANTS SDN BHD
शहर: Malaysia
पूर्व स्वीकृत मिति: २०७९/०८/०९ चलानी नं.: ६०१९२११९ LT. No.: 275253 पुनर्विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Restaurant Crew | 65 | 0 | स. काममा दक्ष | 1500 | ४४,५३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ वैशाख ५ देखि १२ सम्म गते (18 to 25 April 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्याद्दे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- रोजगारदाताले तिर्ने | रु. १,५००/- रोजगारदाताले तिर्ने | नि:शुल्क |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।


**Frontline Recruitment Pvt. Ltd.**
श्रम इजाजत पत्र नं.: ८८६/०६७/०६८
Kalimatidol, Kathmandu, Nepal, P.o.box:13708, Tel No:01-4493645,4493646, 4593647
Fax:+977-01-4493647, Email:info@manpoweragencynepal.com

## यूएई रोजगारको अवसर

कम्पनी : HONEST HANDS CLEANING SERVICES
शहर: DUBAI
पूर्व स्वीकृत मिति: २०७९/१२/२७ चलानी नं.: ६०१९९८२९ L.T. No.: 284101

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner | 4 | 10 | स. काममा दक्ष | 1000 | ३५,७३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय ललितपुरमा २०८० वैशाख ५ गते (18 April 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्याद्दे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।


**Vision International Employment Pvt. Ltd.**
Patan, Sundhara, Lalitpur, Kathmandu, Phone: 5549981
Fax: 5552341, P.O.Box: 8975, EPC 1858
Email: info@visioninte.com, Website:www.visioninte.com
Govt. Lic. No. 392/060/61,


## Invitation for Bids

**Simraungadh Municipality,**
**Office of the Municipal Executive,**
**Simraungadh, Bara**
**Madhesh Province , Nepal**

**Invitation for Bids for the: Construction of Hermetic Movable Godown (Silo) (2000MT) in Simraungadh Municipality, Bara.**

**(Contract Identification No: -Simraungadh/Municipality /Bara/ W/NCB/12/079/80)**
**Invitation for Bids No: Simraungadh/Municipality /Bara/ W/NCB/12/079/80)**
**Date of publication: 2079/12/28(BS) , 2023/April /11(AD)**

1. The Simraungadh Municipality, Bara towards the cost of **Construction of Hermetic Movable Godown (Silo) (2000MT) in Simraungadh Municipality, Bara.** and intends to apply part of the funds to cover eligible payments under the Contract ***for Contract Identifications No.:-* Simraungadh/Municipality /Bara/ W/NCB/12/079/80)** Bidding is open to all eligible as per Section V of bidding document
2. The Simraungadh Municipality,Bara invites sealed bids or electronic bids from eligible bidders for the construction of **Construction of Hermetic Movable Godown (Silo) (2000MT) in Simraungadh Municipality, Bara** under National Competitive Bidding – Single Stage Two Envelope Bidding procedures.
   Only eligible bidders with the following key qualifications should participate in this bidding:
   - Minimum Average Annual Construction Turnover of the best 3 years within the last 10 years: ***NRs.45.06 Million***
   - Minimum Work experience of similar size and nature:- ***One (1) Contract Construction of Hermetic Movable Godown (Silo) within the last ten (10) years, with a value of at least NRs 36.05 million (Without VAT) that have been successfully or are substantially completed and that are similar to the proposed works.***
   - Constriction Experience in Key Activates:- I) M20 grade or Above :- 351cum, II)) Reinforcement:- 21.5 MT.III) Brick Masonry work :- 200 cum. IV) Metal Steel Structure:-38.50MT within the last ten (10)) years.
3. Under the Single Stage, Two Envelope Procedure, Bidders are required to submit simultaneously two separate sealed envelopes, one containing (i) the Technical Bid and the other (ii) the Price Bid, both in turn enclosed in one sealed envelope as per the provision of ITB 21 of the Bidding Document.
4. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of the Simraungadh Municipality,Bara ***and*** or may visit PPMO e-GP system www.bolpatra.gov.np/egp.
5. Bidding document is available online and can be downloaded from e-GP system http://www.bolpatra.gov.np/egp. Interested bidders should register in the e-GP system and deposit the cost of bidding document **NRs 5000.00** in the following specified bank.
   **Information to deposit the cost of bidding document in Bank:**
   **Name of the Bank: Global IME Bank., Simraungadh, Bara.**
   **Name of Office :-Simraungadh Municipality, Office of the Municipal Executive, Simraungadh, Bara.**
   **Account Name:-Simraungadh Municipality, Office of the Municipal Executive, Simraungadh, Bara**
   **Account no.: Q604010000007**
6. Pre-bid meeting shall be held at office the Simraungadh Municipality, Bara**,** at **Date:-*2080/01/19 BS*** or 02, May 2023 AD ***Time 11:00AM***
7. Interested bidders should submit online bids through e-procurement portal http://www.bolpatra.gov.np/egp only on or before **12:00 hrs on 11th May, 2023 AD (B.S. 2080/01/28).** Bidders are required to follow the electronic bid submission procedure as specified in e-GP System Operating Guideline 2074 issued by PPMO which are available in e-GP system.
8. Online bids will be opened in the presence of Bidders' representatives who choose to attend at 13:00 on **11th May, 2023 AD (B.S. 2080/01/28).** at the office specified above. Bids must be valid for a period **of 90 days after** bid opening and must be accompanied by a bid security amounting to a minimum of **NRs. 15,02,000/-** which shall be valid for minimum 30 days beyond the bid validity period i.e. **07th, Septeber, 2023 (B.S.2080/05/21).** The scanned copy of bid security in pdf format should be uploaded in the e-GP system during bid submission.
